आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
१६ मई २०२४
१८:५० – १६:०० बजे

प्रमुख समाचार

1- सिक्किमले आज आफ्नो ४९ औँ राज्य स्थापना दिवस मनायो, राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम स्थापना दिवसको अवसरमा राज्यका जनतालाई बधाई दिनु भएको छ।

2- पूर्व मेदिनीपुरमा भएको सड़क दुर्घटनामा ज्यान गुमाएका मृतकहरुका परिवारलाई मुख्यमन्त्री ममता ब्यनर्जीले वित्तीय सहयोग प्रदान गर्ने आश्वासन दिनु भएको छ A

3- नयाँ शिक्षा नीतिको बारेमा प्रशिक्षित गर्ने उद्देश्यले उच्च माध्यमिक शिक्षा परिषद्ले प्रधानाध्यापकहरूलाई प्रशिक्षण दिने निधो गरेको छ]18 देखि 19 जूनबीच दार्जीलिङ जिल्लासहित राज्यका अन्य भागहरूमा कार्यशाला आयोजना गरिनेछ।

4- कालेबुङ बिहीबारे गोर्खे हाट शुरु भएको एक वर्ष पूरा भएको अवसरमा आज सङ्गठनले एक कार्यक्रमको आयोजना गर्दै पहिलो वर्षगाठ पालन गरेको छ।

5- महानगर कोलकाता लगायत राज्यका अन्य ठाउँहरूमा यो हप्ताभरि मौसम सामान्य रहने अलीपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयले जनाएको छ A

सिक्किम स्थापना दिवस

सिक्किमले आज आफ्नो ४९ औँ राज्य स्थापना दिवस मनायो। सन् १९७५ मा आजको दिन सिक्किम २२ औं राज्यको रुपमा भारतमा विलय भएको थियो। यसका लागि संसदले संविधान संशोधन गरेको थियो। सिक्किमका राज्यपाल लक्ष्मणप्रसाद आचार्य र मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किमका जनतालाई बधाई दिनु हुदै भारतीय लोकतान्त्रिक प्रणालीमा विलय भएपछि सिक्किमले उल्लेखनीय प्रगति गरेको बताउनु भएको छ ।

111111 ñ 111111

राष्ट्रपति-प्रधानमंत्री सिक्किम स्थापना दिवस

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम स्थापना दिवसको अवसरमा राज्यका जनतालाई बधाई दिनु भएको छ। राष्ट्रपति द्रौपती मुर्मुले एक सामाजिक सञ्जाल पोस्टमा उहाले भन्नु भएको छ, सिक्किमलाई प्राकृतिक सौन्दर्यको वरदान प्राप्त भएको छ, जुन यहाको हिउँका चुचुराहरू, घना जंगल र झरनाहरूमा देखिन्छ। राष्ट्रपतिले सिक्किमका जनताले आफ्नो जीवनशैली र कडा परिश्रमबाट देशको विकासमा महत्वपूर्ण योगदान दिएको बताउनुभयो । राष्ट्रपति मुर्मुले राज्य र जनताको निरन्तर समृद्धि र सुदृढताको कामना गर्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सिक्किमका जनतालाई स्थापना दिवसको बधाई दिनु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले सिक्किम आफ्नो प्राकृतिक सौन्दर्य

र मेहनती मानिसहरूका लागि परिचित रहेको बताउनु भयो। उहाले विगतका वर्षहरूमा जैविक कृषिको दिशामा सिक्किमले आफ्नो छुट्टै पहिचान बनाएको बताउनु भयो ।श्री मोदीले सरकारले सिक्किमको कल्याणका लागि आगामी समयमा काम गरिरहने पनि बताउनु भयो ।

111111 ñ 111111

राजभवन सिक्किम स्थापना दिवस

पश्चिम बंगालका राज्यपाल डा. सी. वी. आनन्द बोसको निर्देशनमा कोलकातास्थित राजभवनमा पनि सिक्किमको 49 औ स्थापना दिवस उत्साह र जोशका साथ आयोजना गरियो। यस अवसरमा सिक्किमका राज्यपाल लक्ष्मण प्रसाद आचार्यको भिडियो सन्देश र सिक्किमको बारेमा एउटा भिडियो प्ले गरिएको थियो ।

111111 ñ 111111

पूर्व मेदिनीपुर मुख्यमन्त्री

पूर्व मेदिनीपुरमा आज भएको भयानक सड़क दुर्घटनामा चारजनाले ज्यान गुमाएका छन्। दुर्घटनामा ज्यान गुमाउने मृतकहरुका परिवारलाई मुख्यमन्त्री ममता ब्यनर्जीले वित्तीय सहयोग प्रदान गर्ने आश्वासन दिनु भएको छ । दुर्घटनापछि मुख्यमन्त्रीले एक शोसल मिडिया पोस्टमा लेख्नु भएको छ "मलाई यो सुनेर दुःख लाग्यो कि आज बिहान पूर्वी मदिनीपुरको मारिश्दामा भएको सड़क दुर्घटनामा चारजना मानिसहरूले ज्यान गुमाए। म पीड़ितहरूका परिवार, आफन्त, मित्रहरूप्रति हार्दिक संवेदना व्यक्त गर्दछु। जिल्ला प्रशासनले हरेक उपाय गरेर हरसम्भव सहयोग गर्नेछ। राज्य सरकारले पीड़ित परिवारहरूलाई आर्थिक क्षतिपूर्ति पनि प्रदान गर्नेछ। म फेरि एकपटक शोक सन्तप्त परिवारहरूप्रति संवेदना व्यक्त गर्दछु। स्मरण रहोस्, राज्य सरकार तपाईहरूको साथमा छ।"

111111 ñ 111111

नयाँ शिक्षा नीति

नयाँ शिक्षा नीतिको बारेमा प्रशिक्षित गर्ने उद्देश्यले उच्च माध्यमिक शिक्षा परिषद्ले प्रधानाध्यापकहरूलाई प्रशिक्षण दिने निधो गरेको छ। यसको लागि कार्यशालाहरू आयोजना गरिनेछ जसमा स्कूलका प्रधानाध्यापकहरूलाई निर्देश दिइन्नेछ। गत वर्षको अगस्तमा जारी नयाँ राज्य शिक्षा नीतिको मसौदामा बताइएको छ, बोर्ड परीक्षाहरू तेस्रो र चौथो सेमिस्टर सम्पन्न भएपछि आयोजना गरिनेछ। पश्चिम बंगाल काउन्सिल अफ हायर सेकेण्डरी एजुकेशनका अध्यक्ष चिरञ्जीव भट्टाचार्यले प्रधानाध्यापकहरूलाई सम्बोधन गरिएको एउटा नोटिसमा कार्यशालाहरूमा प्रधानाध्यापकहरूको उपस्थितिको महत्वमाथि बल दिइएको छ। कार्यशालाहरू उत्तरी कोलकाताको लागि 16 मई र दक्षिण कोलकाताको लागि 17 मईमा निर्धारण गरिएको छ भने 18 देखि 19 जूनबीच दार्जीलिङ जिल्ला सहित राज्यका अन्य भागहरूमा कार्यशाला आयोजना गरिनेछ। परिषद्ले पहिला सबै राज्य संचालित तथा राज्यद्वारा सहायता प्राप्त

स्कूलहरूमा कक्षा एघारौं र बाह्रोको लागि सेमिस्टर प्रणालीलाई अप्नाउने घोषणा गरेको थियो जसको कार्यान्वयन कक्षा एघारौंको लागि शैक्षणिक सत्र- 2024-25 औ कक्षा बाह्रौंको लागि शैक्षणिक सत्र- 2025-26 देखि शुरू हुनेछ। यी प्रधानाध्यापकहरूलाई नयाँ शिक्षा नीति अनुरूप बाल-बालिकाहरूलाई पढाउने इन्फ्रास्ट्रक्चर तयार गर्ने जानकारी दिइनेछ।

111111 ñ 111111

तिनधारे विद्यालय घटना

खरसाङ महकुमा अन्तर्गत तीनधारे कन्या उच्चत्तर माध्यमिक विद्यालयमा आज अचानक स्कूलको स्टाफ रूमको छद ढलाई गरेको सिमेन्टहरू झरेर एकजना शिक्षिका घाइते बनेकी छन्। छदको सिमेन्टका टुक्राहरू शिक्षिकाको टाउको, ढाड़ र हातमा लागेर घाइते बनेकी छन्। सो विद्यालयमा योभन्दा पहिला पनि 10 अप्रेलको दिन यसरी नै श्रेणी कोठाको छद झरेको र यस विषयमा 11 अप्रेलको दिन नै दार्जिलिङ पुगेर सम्बन्धित विभागमा पत्रचार गरिएको स्कूल पक्षबाट बताइएको छ। घटनापछि घैयाबारी ग्राम पञ्चायत दुईकी पञ्चायत प्रधान भगवती प्रधान, खरसाङकी सहायक स्कूल निरीक्षक रोशनी सार्की, दार्जिलिङबाट विभागीय अधिकारी लगायत अभियन्ताद्वारा पनि घटनाको निरीक्षण गरेर रिपोर्ट लगेको जानकारी प्राप्त भएको छ।

111111 ñ 111111

सीएम ममता इन्डी गठबन्धन

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज एक पटक फेरी आफुहरु विपक्षी दलहरूको इन्डी गठबन्धनको हिस्सा भएको घोषणा गर्नु भयेको छ। तमलुकमा चुनावी र्‍यालीलाई सम्बोधन गर्नु हुदै उहाले भन्नु भयो, कान्थी र तमलुक दुवै परम्परागत रूपमा तृणमूल कांग्रेसका सीटहरू हुन् र यहाँका जनताले यी दुवै सीटहरू तृणमूललाई दिनु पर्छ। उहाले इंडी गठबन्धनबारे बोल्नु हुदै आफ्नो भनाइको गलत व्याख्या गरिएको बताउनु भयो। उहाले भन्नु भयो, मैले सधै भनिरहेको छु कि यो गठबन्धन बनाएको हो र गठबन्धनको नाम दिने पनि म नै हुँ। त्यसैले न म गठबन्धनबाट अलग छु, न त कहिले पनि अलग हुनेछु, तर बंगालमा गठबन्धन छैन। राष्ट्रिय स्तरमा जे चाहिन्छ, हामी सँगै छौं तर राज्यमा सीपीआई (एम) र कांग्रेसको कुनै अस्तित्व छैन। मुख्यमन्त्रीले भन्नु भयो, सीपीआई (एम) र कांग्रेस पश्चिम बंगालमा भाजपासँगै तृणमूलसँग लडिरहेका छन्, त्यसैले उनीहरूलाई भोट गर्नुको कुनै अर्थ छैन। उहाले नरेन्द्र मोदी सरकारलाई केन्द्र सरकारबाट हटाउन आह्वान गर्नु हुदै यसपटक नरेन्द्र मोदी सरकारलाई सत्ताबाट बाहिर निकाल्न आवश्यक रहेको बताउनु Hk,dks NA

111111 ñ 1111111

## कालेबुङ गोर्खे हाट

कालेबुङ बिहीबारे गोर्खे हाट शुरु भएको एक वर्ष पूरा भएको अवसरमा आज सङ्गठनले एक कार्यक्रमको आयोजना गर्दै  पहिलो वर्षगाठ पालन गरेको छ। कार्यक्रममा नगरपालिका प्रशासक रवि प्रधान, सभासद विकास राई, हाट बजार व्यापारी सङ्गठन अध्यक्ष किपा छिरिङ भोटिया, डा सी०के० छेत्री आदि विशेष रुपमा उपस्थित रहेका थिए। कार्यक्रमपछि नगरपालिका प्रशासक रवि प्रधानले आफुहरु मरेर गए पनि बिहिबारे हाटलाई भने जीवित राख्न पर्ने बाताउनु भएको छ । आज हाट परिसरमा नै हाटका व्यवसायी अनि हाट भर्नेहरुको निम्ति नि:शुल्क स्वास्थ्य जाँच साथै नेत्र जाँच शिविर पनि राखिएको थियो। अर्कोतिर वर्तमान बिहीबारे हाटका अध्यक्ष  फानुस सादा अनि अन्य व्यवसायीहरुले बिहीबारे हाटले वर्ष दिन पुगेकोमा हर्ष प्रकट गर्दै यसले युवाहरुलाई स्वरोजगार बन्न सहयोग पुगेको बताएका छन्।

111111 ñ 111111

## डायबिटिज

**खराब जीवन शैली, अस्वस्थ्यकर आहार , तनाव आलस्यता, बढ़ो शहरीकरण पश्चिमी शैलीको प्रभाव आदिका कारण दिनदिनै मानिसहरू तीव्र रूपमा विभिन्न रोगहरूको शिकार बनिरहेका छन्। मधुमेह , उच्च रक्तचाप , उच्च कोलेस्ट्रोल आदि रोगहरूले नकारात्मक रूपमा मानिसहरूलाई आफ्नो चपेटमा लिईरहेका छन्। मधुमेह अर्थात डायविटीज वा सुगर बिमारी विगत केही दशकदेखि नाटकीय रूपमा बढ़ेको छ। अनुवांशिक र खराब जीवनशैली यी दुई कारणले डायबिटीज हुने गर्दछ। शरीरको प्यानक्रियाज मा इन्सुलिनको कमी वा खूनमा ग्लुकोजको मात्रा ज्यादा हुने स्थितिलाई डायबिटीज भनिन्छ। विश्वमा ५० करोड़भन्दा ज्यादा शुगर का रोगीहरू छन् भने लगभग ४० करोड़ प्री डायबिटीज रोगीहरू रहेका छन् जसलाई बर्डर लाइनमा नै रोक्ने आवश्यकता रहेको मधुमय चिकित्सकहरू बताउँछन् साथै डायबिटीजको रोकथामको लागि मानिसले आफ्नो जीवन शैलीमा परिवर्तन ल्याउनु नै यसमाथि नियन्त्रण राख्नु विशेषज्ञहरूको भनाइ छ। खानपीनको आदतमा सुधार ल्याउनु पारम्परिक भारतीय आहार जसमा मोटो अनाज, फल सब्जी, विभिन्न  गुलियो पेय पदार्थको सट्टा पर्याप्त पानी पिउनु सप्ताहमा कम्तीमा पनि ५ दिनमा ३० मिनट शारीरिक गतिविधि  वा व्यायाम गर्नु भोजनमा कैलोरीको मात्रा कम गर्नु , वजन कम गर्नु मधुमेह वैज्ञानिकहरू बताउँछन्। बजारमा शुगर फ्री को नाममा विकल्प पाइएता पनि विश्व स्वास्थ्य संगठन ( डब्लु.एच. ओ ) ले यो स्वस्थ्यको लागि हानिकारक बताएको छ। स्वास्थ्य तथा परिवार कल्याण मंत्रालयले २०२५ सम्म उच्च रक्तचाप र मधुमेहद्वारा पीड़ित मानिसहरूको जाँच र उनीहरूको मानक देखभाल गर्ने जस्ता महात्वाकांक्षी पहल शुरू गरेको छ।**

111111 ñ 111111

रोटरी क्लब दार्जीलिङ्गकी अध्यक्षा  स्वेता चार्टर्जी अग्रवाललाई  एकान्नबे बर्षका बृद्ध व्यात्तीको बाहुली  द्वारा सम्बर्धना जनाएको थियो  । कार्यक्रममा रोटरी कल्ब अफ दार्जीलिङका सदस्यहरु लगायत पुर्व बिधायक अमर सिह राई , मर्निङ्ग हेल्थ क्लबका सदस्यहरु साथै अन्यको उपस्तिथि रहेको थियो । केहि दिन अघि मात्रै  उक्त मल्टी जिम रोटरी क्लब अफ दार्जीलिङले मसकटल ग्रुप अफ होटलको सहयोगमा साथै दार्जीलिङ नगरपालिकाको सहकार्यमा स्थापना गरेको थियो।

111111 ñ 111111